कर्णाली प्रदेशको पहिलो दैनिक

# कांक्रेविहार

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७७ | बिहीवार, २६ चैत, २०८२ | Thursday, 9 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# कर्णालीको पुनर्संरचना प्रतिवेदन अलपत्र

**कांक्रेविहार संवाददाता**
सुर्खेत, २५ चैत

कर्णाली प्रदेशमा प्रशासनिक पुनर्संरचना सम्बन्धी उच्चस्तरीय अध्ययन प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयनमा नआउँदै अलपत्र परेको छ। प्रदेशको संरचना चुस्त, प्रभावकारी र खर्च घटाउने उद्देश्यसहित तयार पारिएको प्रतिवेदन कार्यान्वयन पहिलो चरणमै सीमित बनेको हो। मुख्यमन्त्री यामलाल कँडेलले गत वैशाखमा अवकाशप्राप्त सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा 'उच्चस्तरीय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति' गठन गरेका थिए। समितिमा पूर्वप्रमुख सचिव डा. गोपीकृष्ण खनाल र डा. सुरेश तिवारी सदस्य रहेका
थिए। उक्त समितिले असार १५ गते सरकारलाई प्रतिवेदन बुझाएको थियो। तर प्रतिवेदन सार्वजनिक भएसँगै सत्तारुढ नेपाली कांग्रेस, प्रतिपक्षी दल तथा कर्मचारीतन्त्रबाटै विरोध भएपछि कार्यान्वयन प्रक्रिया सुस्त बन्न पुग्यो।



यसपछि कार्यान्वयनलाई सहज बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लक्ष्मीकुमार विकको संयोजकत्वमा ' कार्यान्वयन तथा सहजीकरण समिति' गठन गरियो। समितिले चरणबद्ध रूपमा काम अघि बढाउने योजना बनाए पनि हालसम्म पहिलो चरणबाहेक अन्य काम अघि बढ्न सकेका छैनन्। पहिलो चरणमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय खारेज गरी मुख्यमन्त्री कार्यालयमा गाभिएको थियो।

**प्रदेश स्थापना कालमा ७ मन्त्रालय रहेकोमा पछि राजनीतिक भागबण्डा मिलाउन जलस्रोत मन्त्रालय थपिएको थियो। पछिल्ला गठबन्धन परिवर्तनसँगै यसलाई गाभ्ने र अलग गर्ने निर्णयहरू हुँदै आएका छन्, जसले स्थायित्वमा प्रश्न उठाएको छ।**

विज्ञ समितिले प्रदेशका ८ मन्त्रालयलाई घटाएर ६ मा सीमित गर्न सुझाव दिएको थियो। सोहीअनुसार जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा गाभ्ने प्रस्ताव गरिएको थियो। तर राजनीतिक सहमति नजुट्दा उक्त सुझाव कार्यान्वयन हुन सकेको छैन। बरु जलस्रोत मन्त्रालय यथावत् राखिएको छ भने आन्तरिक मामिला तथा कानुन मन्त्रालय मात्रै हटाइएको छ।

कार्यान्वयन समितिका संयोजक विकका अनुसार मन्त्रालयहरूबीच समन्वय अभाव र ' ओएनएम' (संगठन तथा व्यवस्थापन सर्वेक्षण) प्रक्रिया अघि नबढ्दा काम प्रभावित भएको हो। उनले यो विषय प्राविधिक मात्र नभई राजनीतिक सहमतिसँग जोडिएको बताए।

'राजनीतिक तहमा सहमति नभएसम्म प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन हुन गाह्रो छ,' उनले संकेत गरे। स्रोतका अनुसार सत्तारुढ गठबन्धनभित्रकै असहमति मुख्य बाधा बनेको छ। विशेषगरी जलस्रोत मन्त्रालय खारेज गर्ने विषयमा सहमति जुट्न नसक्दा पुनर्संरचना प्रक्रिया रोकिएको हो। कांग्रेसले केही संरचना हटाउने प्रस्तावमा समर्थन नगर्दा मुख्यमन्त्री कँडेललाई योजना कार्यान्वयन गर्न कठिन भएको देखिन्छ। प्रदेश सरकार मातहतका निर्देशनालयहरू खारेज गर्ने प्रस्ताव पनि अलपत्र परेको छ। स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय लगायतका संरचना हटाउने योजना अघि बढाइए पनि त्यसमा समेत सहमति जुट्न सकेको छैन। यसले प्रशासनिक खर्च घटाउने र संरचना सरल बनाउने लक्ष्य प्रभावित बनेको छ। यसअघि कर्णाली प्रदेशमा मन्त्रालय संरचना पटक-पटक परिवर्तन हुँदै आएको छ। प्रदेश स्थापना कालमा ७ मन्त्रालय रहेकोमा पछि राजनीतिक भागबण्डा मिलाउन जलस्रोत मन्त्रालय थपिएको थियो। पछिल्ला गठबन्धन परिवर्तनसँगै यसलाई गाभ्ने र अलग गर्ने निर्णयहरू हुँदै आएका छन्, जसले स्थायित्वमा प्रश्न उठाएको छ।

प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहले भने पुनर्संरचना कार्यान्वयन गर्ने सरकारको मनसाय कायम रहेको बताएका छन्। उनका अनुसार विभिन्न कारणले ढिलाइ भए पनि बाँकी कामहरू क्रमशः अघि बढाइनेछ। 'एउटा मन्त्रालय घटाउने काम भइसकेको छ, बाँकी पनि हुँदै जान्छ,' उनले भने, तर सरोकारवालाहरूका अनुसार राजनीतिक इच्छाशक्ति अभाव, गठबन्धनभित्रको असमझदारी र प्राविधिक ढिलासुस्तीका कारण महत्वपूर्ण प्रतिवेदन कार्यान्वयनमा आउन नसक्दा कर्णालीको प्रशासनिक सुधार प्रक्रिया नै ओझेलमा परेको छ।

# कर्णालीलाई प्राथमिकतामा राख्न सांसद सापकोटाको माग



**कांक्रेविहार संवाददाता**
सुर्खेत, २५ चैत

सुर्खेत क्षेत्र नम्बर-२ का प्रतिनिधिसभा सदस्य रमेशकुमार सापकोटाले कर्णालीका रणनैतिक आयोजनालाई संघीय सरकारले प्राथमिकतामा राख्नुपर्ने माग गरेका छन्। बुधबारको प्रतिनिधिसभा बैठकमा बोल्दै सापकोटाले कर्णालीलाई लुम्बिनी प्रदेशसँग जोड्ने छोटो मार्ग सुर्खेत-मुलपानी-रानिघाट-तेलपानी सडकखण्ड अन्तर्गतको वर्षौंदेखि अलपत्र रानिघटस्थित भेरी नदीमाथिको पुल तत्काल निर्माण कार्य अघि बढाउन माग गरे। सुर्खेतको चौकुने गाउँपालिकाको बिजौरा अस्पताल, सुर्खेत विमानस्थल विस्तार, सुर्खेत-२ को विद्युतिकरणको कामलाई युद्धस्तरमा अघि बढाउनु पर्ने माग उनको छ।

कर्णाली लगायत देशभर अलपत्र परेका आयोजना समयमै टुंगोमा पुऱ्याउन द्रुत न्यायिक तथा निर्णायक संयत्र निर्माण गर्नुपर्ने माग उनको छ। ४ सय ३९ मेगावाटको बेतन कर्णाली जलविद्युत आयोजना, ९ सय मेगावाटको अपर कर्णाली जलविद्युत र सुर्खेतको चौकुने सिमेन्ट कारखान वर्षौंदेखि अलपत्र रहेको विषयमा सापकोटाले सरकारको ध्यानाकर्षण गराए।

कतिपय आयोजनाहरू प्रक्रियागत विवादले अन्योल कायम रहेको र कतिपय आयोजनाहरू इजाजत लिएर वर्षौंदेखि होल्ड भएको उनले बताए। यसको अन्त्य सरकारले नीतिगत रूपमा गर्ने विश्वास सांसद सापकोटाको छ। उनले कर्णालीका उत्तर दक्षिण लाइफलाइन कर्णाली र भेरी कोरिडोरको पूर्वाधार निर्माणलाई प्रमुख प्राथमिकता दिन माग गरे।

यस्तै, कर्णाली प्रदेश अस्पतालको स्तरोन्तिमा संघीय सरकारको ध्यानाकर्षण उनले गराए। उनले कर्णालीका नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याइरहेको अस्पतालमा स्वीकृत दरबन्दीको आधा मात्रै जनशक्ति व्यवस्थापन हुनु दुखद् रहेको उल्लेख गर्दै अस्पताललाई पाँच सय शय्यामा विस्तार गर्न संघीय सरकारले तत्काल काम थाल्नु पर्ने माग गरे।

# पक्राउ पुर्जीपछि देउवाले दिए प्रतिक्रिया



**कांक्रेविहार संवाददाता**
काठमाडौं, २५ चैत

पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो जीवन खुला किताबजस्तै रहेको भन्दै विषयलाई अतिरञ्जित नगर्न अपिल गरेका छन्।

सम्पत्ति शुद्धीकरणमा अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएपछि बुधबार सामाजिक सञ्जालमार्फत् उनले यस्तो अपिल गरेका हुन्।

सार्वजनिक पदमा रहँदा आफ्नो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेश गरेको उनले बताएका छन्।

'नेपालको कानूनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेश गरेको अवगत गराउन चाहन्छु,' उनले लेखेका छन्, 'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अझै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु। वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ। अतिरंजना गरी सार्वजनिक भएका विवरणहरूबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु।'

देउवाले गृहमन्त्री हुँदा आफ्नै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र प्रधानमन्त्री बनेको समयमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू गरिएको बताएका छन्। 'भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शिता कायम गर्न म गृहमन्त्री हुँदा मैरै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र मैरै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू भएको सर्वविदित नै छ,' उनले थप लेखेका छन्।

# विवादपछि कर्णाली प्रदेशसभा सचिव बुढाथोकीको राजीनामा

**कांक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, २५ चैत

निरन्तर विवादमा तानिँदै आएका कर्णाली प्रदेशसभाका सचिव जीवराज बुढाथोकीले अन्ततः पदबाट राजीनामा दिएका छन्। ६५ वर्ष उमेर पूरा भइसकेपछि पनि पदमा रहिरहन खोजेको विषयमा सञ्चारमाध्यम तथा सार्वजनिक रूपमा व्यापक आलोचना भएपछि उनले राजीनामा दिन बाध्य भएका हुन्।

प्रदेश सभा स्रोतका अनुसार बुढाथोकीले मंगलबार साँझ गोप्य रूपमा राजीनामा पत्र तयार गरी प्रदेश प्रमुखको कार्यालयमा पठाएका छन्। प्रदेश प्रमुख कार्यालयका एक अधिकारीले राजीनामा प्राप्त भएको पुष्टि गर्दै प्रदेश प्रमुख बाहिर रहेकाले फर्किएपछि मात्र आवश्यक निर्णय हुने बताएका छन्। प्रदेश प्रमुख यज्ञराज जोशी हाल गृहजिल्ला कञ्चनपुरमा रहेका कारण राजीनामा स्वीकृत हुन केही समय लाग्ने देखिएको छ।

बुढाथोकी पछिल्लो समय दोहोरो सुविधा लिएको, सार्वजनिक स्रोतको दुरुपयोग गरेको तथा आफ्नै श्रीमतीलाई स्वकीय सचिवमा राखेर तलब बुझाएको आरोपमा विवादमा थिए। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेका थिए भने आयोगले दुई पटक स्पष्टीकरण माग्दै पत्राचार गरेको थियो। कर्मचारी स्रोतका अनुसार उनका धेरै प्रशासनिक अभिलेखहरू समेत व्यवस्थित नभएको र कामकाज पारदर्शी नभएको गुनासो रहँदै आएको थियो। ६५ वर्ष उमेर नाघेको तथ्य पनि आन्तरिक रूपमा स्पष्ट नभएपछि कर्मचारीहरूले औपचारिक रूपमा बायोडाटा माग्नुपर्ने अवस्था सिर्जना भएको बताइन्छ।

उता, प्रदेशसभामा कार्यरत अन्य स्वकीय सचिवहरूको पारिश्रमिक रोक्का गरिए पनि आफ्नै श्रीमतीलाई भने नियमित तलब भुक्तानी गरिएको आरोपले थप आलोचना निम्त्याएको थियो। यसले सांसद र कर्मचारी दुवै तहमा असन्तुष्टि बढाएको देखिन्छ। यसबीच सभामुख नन्दा गुरुङले बुढाथोकीलाई पदमै निरन्तरता दिन प्रयास गरेकी थिइन्। सचिवालयसम्बन्धी ऐनमा ६५ वर्ष ननाघेको व्यक्ति सचिव हुन सक्ने व्यवस्था भए पनि कार्यकाल बाँकी रहँदा उमेर हद नाघेपछि के गर्ने भन्ने स्पष्ट व्यवस्था नभएको तर्क गर्दै सभामुखले कानुनी रायसमेत मागेकी थिइन्। तर, उक्त प्रक्रिया र भूमिकामाथि समेत प्रश्न उठेको थियो।

राजनीतिक तथा प्रशासनिक दबाब बढ्दै गएपछि अन्ततः बुढाथोकीले राजीनामा दिएका हुन्। उनको राजीनामासँगै प्रदेशसभा सचिवको पद रिक्त भएको छ भने अब नयाँ नियुक्ति प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ।

# राष्ट्रपतिले शुक्रबार दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने

**कांक्रेविहार संवाददाता**
काठमाडौं, २५ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले चैत २७ गते संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने भएका छन्। राष्ट्रपति कार्यालयको तर्फबाट सचिव महादेव पन्थले विज्ञप्ति जारी गर्दै राष्ट्रपति पौडेलले यही चैत २७ गते शुक्रबार संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने जानकारी दिएका हुन्। राष्ट्रपति पौडेलले संसद्को संयुक्त बैठकलाई दिउँसो ३ बजे सम्बोधन गर्ने तयारी भएको विज्ञप्तिमार्फत् जानकारी दिइएको छ। 'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम संवत् २०८२ साल चैत्र २७ गते शुक्रबारका दिन १५:०० बजे संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने र त्यसका लागि सदस्यको उपस्थिति आहान गर्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु' विज्ञप्तिमा लेखिएको छ।


डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

## सम्पादकीय


# निर्देशन पालनामा ध्यान देऊ

आगामी शैक्षिक सत्र २०८३ नजिकिँदै गर्दा सरकारले निजी विद्यालयहरूको शुल्क निर्धारणमा कडाइ गर्ने घोषणा गरेको छ । अभिभावकहरूबाट वर्षौंदेखि उठ्दै आएको चर्को शुल्क, अपारदर्शी शुल्क संरचना र विभिन्न शीर्षकमा हुने मनपरी असुलीका गुनासोको पृष्ठभूमिमा आएको यो कदम स्वागतयोग्य छ । तर यस्ता निर्णयहरूको वास्तविक मूल्यांकन त कार्यान्वयनबाटै हुन्छ । सुर्खेतसहित कर्णाली प्रदेश तथा देशका विभिन्न स्थानबाट मनपरी रूपमा चर्को शुल्क असुलिएको गुनासो बढेपछि सरकार थप सक्रिय बनेको हो । अब सरकारको चेतावनी व्यवहारमा कत्तिको लागू हुन्छ भन्नेमा सबैको ध्यान केन्द्रित भएको छ । यदि अनुगमन प्रभावकारी बन्न सकेन भने विगतजस्तै मनपरी शुल्क असुल्ने प्रवृत्ति झन दोहोरिने जोखिम रहेको छ । शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ८४ (४) र नियम ७८ (ग) अन्तर्गतको कानुनी व्यवस्था तथा सर्वोच्च अदालतको आदेशविपरित शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु अगावै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गरेको पाइएपछि  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक्सन लिएको हो ।

शिक्षा क्षेत्रमा बढ्दो व्यापारीकरणले अभिभावकहरूलाई आर्थिक रूपमा थिच्दै आएको छ । विशेषगरी कर्णालीजस्ता आर्थिक रूपमा कमजोर प्रदेशमा निजी विद्यालयहरूले लिने अतिरिक्त शुल्क झन् बोझिलो बन्ने गरेको छ । भर्ना शुल्क, वार्षिक शुल्क, पुस्तक, पोशाक, गतिविधि जस्ता यी सबै शीर्षकहरू अभिभावकका लागि अनिवार्य खर्चका रूपमा प्रस्तुत गरिन्छन्, तर ती सबै कति जायज छन् भन्ने प्रश्न सधैं उठिरहन्छ । यस्तो अवस्थामा सरकारले शुल्कलाई मापदण्डभित्र सीमित गर्न खोज्नु समयसापेक्ष हस्तक्षेप हो । निर्देशनअनुसार विद्यालयहरूले तोकिएका १४ शीर्षकभन्दा बाहिर शुल्क लिन नपाउने, वार्षिक शुल्क दुई महिनाको मासिक शुल्कभन्दा बढी लिन नपाइने, परीक्षा शुल्कमा सीमा तोकिएको जस्ता प्रावधानहरू स्पष्ट छन् । अझ महत्वपूर्ण कुरा, शुल्क निर्धारण स्थानीय तहबाट स्वीकृत हुनुपर्ने व्यवस्था हो, जसले स्थानीय स्तरमै जवाफदेहिता सुनिश्चित गर्न सक्छ । तर विगतले देखाएको अनुसार कानुनी प्रावधान कडा भए पनि कार्यान्वयन फितलो हुँदा परिणाम शून्यजस्तै बन्ने गरेको छ । यसपटक सरकारले अनुगमनलाई प्रभावकारी बनाउने र उल्लंघन गर्नेलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ । अनुमति रद्दसम्मको प्रावधानले निजी विद्यालयहरूलाई दबाबमा पार्नेछ । तर स्थानीय तहको कतिपय अवस्थामा राजनीतिक दबाब, पहुँच र प्रभावका कारण नियम उल्लंघन गर्नेहरू उन्मुक्ति पाउँदै आएका छन् । यदि यसपटक पनि त्यस्तै दोहोरियो भने अभिभावकहरूको आशा फेरि निराशामा परिणत हुनेछ ।

वार्षिक परीक्षा नतिजा प्रकाशित नभई भर्ना नखोल्ने निर्देशनले विद्यालयहरूको अनावश्यक प्रतिस्पर्धालाई नियन्त्रण गर्न सक्छ । यसले शिक्षा प्रणालीलाई केही हदसम्म व्यवस्थित बनाउन सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । तर सुधारका नाममा लिइएका अन्य केही निर्णयहरू जस्तै शैक्षिक संस्थाभित्रका संगठनहरू खारेज गर्ने वा केही निजी तयारी कक्षाहरू बन्द गर्ने विवादरहित छैनन् । शिक्षा सुधार बहुआयामिक प्रक्रिया हो, जसमा संवाद, सहकार्य र सन्तुलन आवश्यक हुन्छ । केवल कडाइले मात्र दीर्घकालीन समाधान दिन सक्दैन । अर्को महत्वपूर्ण पक्ष छात्रवृत्ति व्यवस्था पनि हो । कानुनअनुसार निजी विद्यालयहरूले निश्चित प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा दिनुपर्ने भए पनि यसको कार्यान्वयन अत्यन्त कमजोर छ । यदि सरकारले साँच्चिकै शिक्षा क्षेत्रमा समानता र पहुँच विस्तार गर्न चाहन्छ भने यो प्रावधानलाई कडाइका साथ लागू गरिनु पर्छ । किनकी सरकारको यो कदमले अभिभावकमा केही आशा जगाएको छ । तर त्यो आशा टिकाइराख्न निरन्तर अनुगमन, पारदर्शिता र निष्पक्ष कारबाही अनिवार्य छन् । शिक्षा सेवा हो कि व्यापार ? यो बहस पनि पुरानै हो । तर कम्तीमा पनि शिक्षा क्षेत्रमा न्यूनतम अनुशासन कायम गर्न सरकार गम्भीर छ भन्ने सन्देश व्यवहारमै देखिनुपर्छ । नत्र प्रत्येक वर्ष दोहोरिने 'कडाइ'का घोषणाहरू केवल औपचारिकतामै सीमित रहनेछन् ।

# नागरिकको निर्णयलाई भूराजनीतिक चस्माबाट नहेरौँ




नेपालको वर्तमान राजनीतिक क्षणलाई सामान्य सत्ता परिवर्तनका रूपमा मात्र बुझ्नु पर्याप्त छैन । यो केवल सरकार फेरिने घटना होइन, बरु यो नागरिक अपेक्षा, राजनीतिक संस्कार र शासनशैलीमा परिवर्तनको चाहनाको संकेत पनि हो । धेरै अर्थमा यो पुस्तान्तरणको संकेत हो ।

पछिल्लो जनादेशले केवल नयाँ नेतृत्व रोजेको छैन, यसले पुराना राजनीतिक शैली, सुस्त कार्यसंस्कृति र भाषणमूलक राजनीतिबाट बाहिर निस्कन चाहेको सन्देश पनि दिएको छ ।

यही कारणले अहिलेको जनादेशलाई केवल दलगत वा शंकाको चस्माबाट हेर्नु पर्याप्त हुँदैन । अझ, यसलाई हतारमा कुनै बाह्य शक्ति वा भूराजनीतिक प्रभावको उत्पादन भनेर व्याख्या गर्नु झन् अनुचित हुन्छ । लोकतन्त्रमा नागरिकको निर्णयलाई सबैभन्दा पहिले नागरिकको निर्णयकै रूपमा स्वीकार गर्नुपर्छ । विश्लेषण हुन सक्छ, बहस हुन सक्छ, तर ती सबैभन्दा माथि नागरिक आकांक्षाको सम्मान रहनुपर्छ ।

जब धेरै नागरिकले नयाँ राजनीतिक दिशालाई समर्थन गर्छन्, त्यसलाई पहिले नागरिक चेतना, आशा र परिवर्तनको आग्रहका रूपमा बुझ्नु पर्छ । नागरिकको निर्णयलाई भूराजनीतिक चस्माबाट मात्र हेर्ने प्रवृत्ति अन्ततः जनमतको गहिराइ नबुझ्ने बानी हो ।

लोकतन्त्रको परिपक्वता त्यतिबेला देखिन्छ, जब हामी आफूलाई असुविधाजनक लागेको जनादेशलाई पनि सम्मान गर्न सक्छौँ । आफ्नो पक्षले जित्दा त्यसलाई जनमत भन्ने, तर नयाँ शक्ति आउँदा त्यसलाई बाह्य प्रभावको उपज भनेर खुम्च्याउने संस्कार लोकतान्त्रिक होइन ।

जब धेरै नागरिकले नयाँ राजनीतिक दिशालाई समर्थन गर्छन्, त्यसलाई पहिले नागरिक चेतना, आशा र परिवर्तनको आग्रहका रूपमा बुझ्नुपर्छ ।

नेपालजस्तो समाजमा नागरिक अपेक्षा, राजनीतिक सोच र सार्वजनिक धैर्य समयसँगै बदलिन्छ । जब पुराना संरचनाले नागरिक अपेक्षालाई सम्हाल्न सक्दैनन्, नयाँ उभार आउँछ । त्यसलाई षड्यन्त्र भनेर मात्र बुझ्नुभन्दा समाज किन त्यहाँ पुग्यो भनेर बुझ्नु आवश्यक हुन्छ ।

यो जनादेशलाई अर्को कोणबाट पनि बुझ्नु पर्छ । यसमा केवल सरकार सञ्चालनको अधिकार मात्र छैन, यसभित्र संवैधानिक अभ्यास, शासकीय पद्धति र संस्थागत कार्यशैलीको पुनरावलोकनको चाहना पनि समेटिएको देखिन्छ । यसको अर्थ सधैं अस्थिरता वा अस्वीकार होइन ।

धेरै पटक पुनरावलोकनको अर्थ सुधार, स्पष्टता, कार्यक्षमता र बदलिँदो आवश्यकतासँग मेल खाने प्रयास पनि हुन्छ । कुनै पनि संविधान समाजभन्दा माथि स्थिर दस्तावेज होइन । त्यो जीवित राजनीतिक जीवनसँग संवाद गर्ने आधार हो । त्यसैले पुनरावलोकनको बहसलाई हतारमा नकारात्मक अर्थमा मात्र बुझ्नु उचित हुँदैन ।

यही ठाउँमा पुराना दल, बुद्धिजीवी, नागरिक समाज र प्रशासनको भूमिका महत्त्वपूर्ण बन्छ । अहिले आवश्यक कुरा दोषारोपण होइन, सहकार्यपूर्ण आलोचना हो । विरोध चाहिन्छ, तर यस्तो विरोध जसले सुधारको बाटो खोलोस् । निगरानी चाहिन्छ, तर यस्तो निगरानी जसले सरकारलाई जिम्मेवार बनाओस्, कामै गर्न नदिने वातावरण नबनाओस् ।

नयाँ सरकारको आरम्भिक एजेन्डाभित्रका धेरै विषय-सुशासन, उत्तरदायित्व, सेवा सुधार, प्रशासनिक चुस्तता, राज्यको प्रभावकारिता-नेपालका विभिन्न राजनीतिक धारले वर्षौंदेखि उठाउँदै आएका साझा विषय हुन् । त्यसैले अहिलेको बहस "कसले भन्यो ?" भन्दा "कसले इमानदारीसाथ कार्यान्वयन गर्छ ?" मा सर्नु जरुरी छ ।

विशेषतः वामपन्थी धारले लामो समयदेखि जनमुखी शासन, राज्यको जवाफदेहिता र संरचनागत सुधारका विषय उठाउँदै आएको छ । अन्य लोकतान्त्रिक शक्तिले पनि आफ्नै भाष्यमा यिनै विषयलाई प्राथमिकता दिएका छन् ।

नयाँ सरकारको आरम्भिक एजेन्डाभित्रका धेरै विषय-सुशासन, उत्तरदायित्व, सेवा सुधार, प्रशासनिक चुस्तता, राज्यको प्रभावकारिता-नेपालका विभिन्न राजनीतिक धारले वर्षौंदेखि उठाउँदै आएका साझा विषय हुन् ।

यदि अहिलेको सरकारले यिनै साझा राष्ट्रिय विषयलाई कार्यान्वयनको तहमा लैजान खोजिरहेको छ भने, त्यसलाई एक दलको निजी स्वामित्वको मुद्दा बनाउन आवश्यक छैन । सही कुरा जोसुकैले लागू गरे पनि राष्ट्रकै फाइदा हुन्छ ।

हामीले यस क्षणलाई पुस्तागत दृष्टिले पनि बुझ्नुपर्छ । नयाँ पुस्ताले राजनीति भनेको केवल आरोप-प्रत्यारोप, गुटबन्दी वा स्थायी असन्तोष मात्र होइन भन्ने अपेक्षा राखेको देखिन्छ ।

उसले परिणाम खोज्छ, गति खोज्छ, स्पष्ट जिम्मेवारी खोज्छ र राज्यले नागरिकलाई सम्मानपूर्वक सेवा दिएको अनुभूति खोज्छ । यही कारणले अहिले नतिजामुखी शासनको भाषा धेरैलाई अर्थपूर्ण लागेको छ । पूर्ण समाधान यही हो भन्न मिल्दैन, तर कम्तीमा यसले शासनलाई भाषणबाट कामतर्फ सार्ने चाहना व्यक्त गर्छ ।

तर यहाँ अर्को सावधानी पनि उत्तिकै महत्त्वपूर्ण छ । जनादेश ठूलो भएका कारणले सरकार आलोचनामुक्त हुँदैन । नागरिक समर्थनले वैधता दिन्छ, सर्वज्ञता होइन । त्यसैले नयाँ सरकारलाई अवसर दिनु र आलोचना बन्द गर्नु एउटै कुरा होइन ।

अहिलेको सही लोकतान्त्रिक आचरण यस्तो हुनुपर्छ- सरकारलाई काम गर्न दिऔँ, तर ध्यान दिएर हेरौँ, अन्धसमर्थन नगरौँ, तर अन्धविरोध पनि नगरौँ, प्रतिक्रिया होइन, प्रमाणका आधारमा मूल्यांकन गरौँ ।

पहिलो १०० दिनलाई यही दृष्टिले हेर्नु उपयुक्त हुन्छ । यदि सरकारले इमानदार प्रयास, कार्यान्वयनको संकेत र शासकीय व्यवहारमा सुधार देखाउँछ भने त्यसलाई स्वागत गर्नुपर्छ । यदि यसले अपेक्षाअनुसार काम गर्न सकेन भने, लोकतन्त्रभित्र त्यसको प्रखर समीक्षा हुनुपर्छ ।

मलाई लाग्छ, अहिले नेपाललाई सबैभन्दा बढी चाहिएको प्रश्न "कुन दलको सरकार ?" होइन, "कस्तो शासन ?" हो । किनकि समस्याको जरो धेरै गहिरो छ । हामीले वर्षौं योजना, कार्यक्रम र प्रतिबद्धता सुन्दै आएका छौं, तर नागरिकले महसुस गर्ने गुणात्मक सुधार अपेक्षाकृत कम देखेका छन् ।

यही कारणले अहिलेको क्षणमा ठूलो विकासको नाराभन्दा पनि शासकीय संस्कारमा परिवर्तन बढी महत्त्वपूर्ण देखिन्छ । यदि ढिलासुस्ती घट्छ, सेवा सरल हुन्छ, प्रशासनिक प्रक्रिया छोटिन्छ र सरकारको भाषा आदेशभन्दा जिम्मेवारीमा बदलिन्छ भने, त्यो आफैँमा ठूलो परिवर्तनको आधार बन्न सक्छ ।

त्यसैले अहिलेको उपयुक्त राष्ट्रिय मनोवृत्ति के हुनुपर्छ ? न अन्धसमर्थन, न अन्धविरोध । न अतिशय उत्साह, न हतारोमा अविश्वास । बरु नागरिक निर्णयप्रति सम्मान, सरकारप्रति निष्पक्ष धैर्य र साझा राष्ट्रिय एजेन्डाप्रति सहकार्यपूर्ण प्रतिबद्धता । पुराना दलले यस क्षणलाई नकारात्मक प्रतिक्रियाभन्दा माथि उठेर हेर्न सक्छन् ।

बुद्धिजीवीले सुरुमै सबै सम्भावनालाई अविश्वासको भाषामा कैद गर्नुभन्दा सन्तुलित विश्लेषण दिन सक्छन् । प्रशासनले पनि यसलाई असहजता होइन, सुधारको अवसरका रूपमा लिन सक्छ । बुद्धिजीवीले सुरुमै सबै सम्भावनालाई अविश्वासको भाषामा कैद गर्नुभन्दा सन्तुलित विश्लेषण दिन सक्छन् । प्रशासनले पनि यसलाई असहजता होइन, सुधारको अवसरका रूपमा लिन सक्छ । अन्ततः, यो जनादेश नागरिकको हो । यसको अर्थ पनि नागरिक जीवनमै देखिनु पर्छ । त्यसैले यसलाई बाह्य प्रभावको सरलीकृत व्याख्यामा सीमित गर्नु हुँदैन ।

यसलाई नेपालको सामाजिक, राजनीतिक र पुस्तागत रूपान्तरणको संकेतका रूपमा बुझ्नु पर्छ । यदि हामीले नागरिकको निर्णयलाई सम्मान गर्न सिकेनौँ भने लोकतन्त्र केवल निर्वाचनको प्रक्रिया मात्र भएर रहन्छ । तर यदि हामीले जनादेशको गहिराइ बुझ्न, त्यसलाई अवसर दिन र त्यसबाट उत्तरदायी शासनको माग गर्न सक्यौँ भने, यही क्षण नेपालको लोकतान्त्रिक परिपक्वताको नयाँ आधार बन्न सक्छ ।

आजको नेपाललाई यही राजनीतिक विवेक चाहिएको छ- नागरिकको निर्णयलाई भूराजनीतिक चस्माबाट होइन, नागरिक आकांक्षाको उज्यालोबाट हेर्ने विवेक ।

# 'काठ छुनु भनेको मान्छे मार्नुभन्दा ठूलो अपराधजस्तो देखिनु विडम्बना हो'



✍ भारती पाठक

> प्रदेश सरकारले आफ्नै वन ऐन ल्याए पनि संघीय कानुनसँग बाझिँदा कार्यान्वयनमा समस्या आएको छ । बागमती प्रदेशले २०७५ मा ऐन ल्याए पनि संघीय ऐन २०७६ मा आउँदा प्रदेशको ऐन परिमार्जन गर्नुपर्ने चुनौती छ ।

नेपालको वन क्षेत्र, विशेषगरी बागमती प्रदेश प्राकृतिक स्रोतले सम्पन्न छ । विडम्बना, आफ्नै वनमा काठ कुहिएर गइरहेका छन् । उपभोक्ताहरू महँगो मूल्यमा विदेशी विकल्प वा कृत्रिम सामग्री प्रयोग गर्न बाध्य छन् ।

यो समस्याको जड 'प्रचुरताको अभाव' नभई 'नीतिगत कमजोरी र नियन्त्रणमुखी मानसिकता' हो । हाम्रो वनमा काठ पर्याप्त छ, तर सरकारको नीति र कर्मचारीतन्त्रको त्रासले गर्दा उपभोक्ताले त्यसको सुलभ लाभ पाउन सकेका छैनन् ।

विद्यमान समस्या र चुनौतीहरू

**१. नीतिगत अस्पष्टता र संघीय द्वन्द्व:**

प्रदेश सरकारले आफ्नै वन ऐन ल्याए पनि संघीय कानुनसँग बाझिँदा कार्यान्वयनमा समस्या आएको छ । बागमती प्रदेशले २०७५ मा ऐन ल्याए पनि संघीय ऐन २०७६ मा आउँदा प्रदेशको ऐन परिमार्जन गर्नुपर्ने चुनौती छ ।

**२. कानुनी त्रास र त्रसित मनोविज्ञान:**

वनका कर्मचारी र उपभोक्ता दुवैमा काठ निकाल्दा वा छुँदा मुद्दा लाग्ने र जेल जानुपर्ने ठुलो डर छ । यसले गर्दा ढलापडा र सुकेका काठ पनि जङ्गलमै सडेर जाने अवस्था छ ।

**३. अत्यधिक महँगो मूल्य:**

स्वदेशी काठको मूल्य बजारमा प्रतिक्युविक फिट ७ हजार देखि ८ हजार रुपैयाँसम्म पुगेको छ । यसले गर्दा उपभोक्ताहरू काठको विकल्पमा यूपीभीसी, आलुमिनियम र प्रि-फ्याबतर्फ आकर्षित भइरहेका छन् ।

**४.झन्झटिलो प्रशासनिक प्रक्रिया:**

सामुदायिक वनको कार्ययोजना बनाउने र काठ आपूर्तिका प्रक्रियाहरू अत्यन्तै जटिल छन् । आपूर्ति समितिहरू प्रभावकारी र पारदर्शी हुन सकेका छैनन् ।

**५. स्थानीयकरणको अभाव:**

बनेका कानुनहरूबारे तल्लो तहका उपभोक्तालाई जानकारी छैन । कानुनले दिएका अधिकार र सुविधाबारे उपभोक्ता अनभिज्ञ हुँदा कार्यान्वयन पक्ष फितलो भएको छ ।

**६. निजी वनको बेवास्ता:**

निजी क्षेत्र र पारिवारिक वनमा रहेका काठ (जस्तैः सालको रुख) ओसारपसार र कटानीमा अझै पनि व्यवहारिक झन्झटहरू कायम छन् ।

**७. निकासी र ढुवानीमा समस्या:**

एउटै जिल्ला वा एउटै पालिकाभित्र काठ ओसारपसार गर्दा पनि ठाउँ-ठाउँमा समाइने र दुःख दिने प्रवृत्तिले मान्छेहरू त्रसित छन् ।

**वनलाई समृद्धिसँग जोड्ने चुनौती र अबको बाटो**

वन क्षेत्रमा डरको मनोविज्ञान कायम छ । अहिले वनका काठ वा पैदावार छुने कुरा मान्छे मारेको भन्दा ठुलो मुद्दा लाग्छ भन्नेजस्तो देखिन्छ । सबै मान्छे त्रसित छन् । जङ्गलमा गएर एउटा रुख काट्दा अर्को रुखलाई अलिकति चोट लाग्यो भने पनि मुद्दा लाग्छ भन्ने खालको डर छ । यो त्रास केवल उपभोक्तामा मात्र होइन, वन कर्मचारीहरूमा पनि छ । यही डरका कारण ढलापडा र सुकेका काठहरू समयमै निकाल्न सकिएको छैन । ढलापडा र सुकेका काठ निकाल्छौँ भनेर प्रदेशले निर्णय गर्न सक्छ, तर संघीय कानुनले धेरै कुरा कन्ट्रोल गर्छ । संघीय स्तरमा स्पष्ट निर्णय नहुँदा प्रदेशले मात्रै आँट गर्दा समस्या हुन्छ भन्ने डरले काम रोकिएको छ । बजारमा काठको मूल्य आकासिँदै जाँदा सर्वसाधारणले बाध्यताका कारण यसको विकल्प खोज्न थालेका छन् । वास्तवमै हाम्रो जङ्गलमा हामीले हुर्काएको काठ एकदमै महँगो छ । बजारमा आइपुग्दा प्रतिक्युविक फिट ७ देखि ८ हजार रुपैयाँ पुग्छ । यति महँगो भएपछि कसले प्रयोग गर्न सक्छ ? अनि मान्छेले काठको विकल्पमा यूपीभीसी र आलुमिनियम प्रयोग गर्न थाल्छन् । घर बनाउँदा मान्छेले रहरले आलुमिनियम हालेका होइनन् । काठ नभएर पनि होइन । काठ ल्याउने प्रक्रिया झन्झटिलो र मूल्य महँगो भएर यस्तो भएको हो । उपभोक्ताले वन संरक्षण गरे बापतको लगानी उठाएर बाँकी काठ सरल रूपमा उपलब्ध गराउने वातावरण बनाउने हो भनेमात्र घर र फर्निचरमा काठको प्रयोग बढ्छ ।

प्रदेशले संघीय सरकारभन्दा पहिले नै वन ऐन ल्याए पनि त्यसको सफल कार्यान्वयन हुन सकेको छैन । बागमती प्रदेशको वन ऐन २०७५ मा आयो, संघीय ऐन २०७६ मा मात्र बन्यो । विडम्बना, २०७५ सालदेखि अहिलेसम्म प्रदेशको ऐन प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन । भर्खरैमात्र हामीले पहल गरेर यसलाई संशोधनमा लगेका छौँ ।

सरकारी निकायले ल्याउने ' श्वेतपत्र' हरू पनि कागजमै सीमित छन् । प्रदेश सरकारले आफ्नै प्रदेशको काठ प्रयोग गर्ने भनेर श्वेतपत्र निकाल्यो, तर त्यो पर्याप्त छैन । सरकारी भवनहरूले नै यसको सुरुवात गर्नुपर्ने हो । तर व्यवहारमा त्यस्तो देखिएको छैन । कर्मचारीतन्त्र र नीति निर्माताहरूमा अझै पनि नियन्त्रणमुखी कानुन नै बनाउनुपर्छ भन्ने पुरातन सोच हाबी छ । कानुन बने पनि त्यसको जानकारी तल्लो तहसम्म नपुग्नु अर्को ठुलो चुनौती छ । हामी कानुन त बनाउँछौँ, तर त्यसको स्थानीयकरण गर्दैनौँ । जनतालाई कानुन बुझाउनै सकिएको छैन । संघीय वन ऐन २०७६ ले सामुदायिक वनको आम्दानीको ५० प्रतिशत रकम गरिब, महिला र उद्यमशीलतामा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ, तर गाउँका उपभोक्तालाई अझै पनि पुरानो ३५ प्रतिशतकै मार्गदर्शन मात्र थाहा छ ।उपभोक्तालाई आफ्नो अधिकारबारे जानकारी नहुँदा राज्यका संरचनाहरूले उनीहरूलाई सहजीकरण गर्नुको साटो झन्झट दिने गरेको छ । उपभोक्तालाई जानकारी गराउने काम राज्यको हो । यदि उनीहरूलाई आफ्नो अधिकार थाहा हुन्थ्यो भने अधिकारका लागि आवाज बुलन्द गर्थे । कार्यान्वयन तहमा अहिले ठुलो लापर्बाही देखिएको छ ।

नेपाललाई काठमा आत्मनिर्भर बनाउन निजी र पारिवारिक वनको भूमिका महत्त्वपूर्ण हुन्छ, तर त्यहाँ पनि नीतिगत गाँठो फुक्न बाँकी छ । अहिले निजी वनको साल काट्न पाइने भनिएको छ, तर धेरैलाई यो कुरा थाहै छैन । आफ्नो खेतबारीको रुख काटेर एक ठाउँबाट अर्को ठाउँ लैजान खोज्दा पनि ठाउँ-ठाउँमा समाइन्छ यस्तो भएपछि मान्छे त्रसित हुनु स्वाभाविक हो । वनलाई केवल ' काठ' को रूपमा मात्र हेरिनु हुँदैन । वन भनेको पर्यापर्यटन र जडीबुटी पनि हो । बागमतीका मकवानपुर, चितवन र सिन्धुलीमा सालको काठ छ भने अन्य जिल्लामा जडीबुटी र पर्यटनको सम्भावना छ । यी सबैलाई एकीकृत रूपमा विकासको अवधारणा अघि बढाउनु पर्छ ।

वन व्यवस्थापन र वन पैदावार उपभोगमा प्रदेश सरकार निर्धक्क भएर अगाडि बढ्न सक्नुपर्छ । प्रदेश सरकार कहिले संघसँग त कहिले स्थानीयसँग डराएर खुट्टा कमाउँछ यसरी डराएर हुँदैन । आफ्नै स्रोतलाई उपयोग गरेर रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने गरी काम गर्नुपर्छ । वन व्यवस्थापनलाई 'हरित उद्यम'सँग जोडेर उपभोक्तामैत्री बनाइनु पर्छ । काठ निकाल्ने प्रक्रियालाई पारदर्शी र सरल बनाउँदै आपूर्ति समितिको कामलाई प्रभावकारी बनाउनु पर्छ । यदि सरकारले यी नीतिगत र व्यावहारिक अड्चनहरू फुकाउने हो भने विदेशी काठ र कृत्रिम सामग्रीको आयात रोकेर स्वदेशी वनबाटै समृद्धि सम्भव छ ।

हामी स्रोतमाथि सुतेका छौँ, तर प्रक्रियाको साङ्लोले बाँधिएका कारण गरिब छौँ । यो विषय नीति निर्माण तहबाट कार्यान्वयन हुनु आजको आवश्यकता हो ।

*(पाठक बागमती प्रदेशसभा सदस्य एवं सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेशकी पूर्व अध्यक्ष हुन् ।)*

# कर्णाली प्रवर्द्धनमा कूटनीतिक भूमिका जरूरी : मुख्यमन्त्री कँडेल

काँक्रेविहार संवाददाता
सुर्खेत, २५ चैत




कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल ले प्रदेशका बहुआयामिक सम्भावनालाई अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न कूटनीतिक पहल सशक्त बनाउनुपर्ने बताएका छन् ।

वीरेन्द्रनगरमा परराष्ट्र मन्त्रालय अन्तर्गत आर्थिक कूटनीति महाशाखाद्वारा आयोजित 'निर्यात व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन' कार्यक्रममा बोल्दै उनले यस्तो धारणा व्यक्त गरेका हुन् ।

मुख्यमन्त्री कँडेलका अनुसार कर्णालीमा पर्याप्त प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र आर्थिक सम्भावना भए पनि प्रभावकारी प्रचार-प्रसार र पहुँच अभावका कारण विश्व बजारको ध्यान आकर्षित गर्न नसकिएको छ ।

उनले विदेशस्थित नेपाली दूतावासहरूलाई केवल प्रशासनिक केन्द्रका रूपमा होइन, कर्णालीका मौलिक उत्पादन र पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने ' मार्केटिङ हब' का रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

हाम्रा कूटनीतिक नियोगहरूले कर्णालीका जडीबुटी, अर्गानिक कृषि उत्पादन र साहसिक पर्यटनबारे विश्वलाई जानकारी गराउन सक्नुपर्छ उनले भने यसले निर्यात वृद्धि र प्रत्यक्ष विदेशी लगानी ९ँम्क्ष्० भित्र्याउन सहयोग पुऱ्याउँछ ।

उनले जलस्रोत, खनिज तथा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट पारे ।

साथै, विगतमा केन्द्र सरकारले कर्णालीप्रति देखाएको उपेक्षा र विभेदका कारण प्रदेश विकासमा पछि परेको उल्लेख गर्दै अब परिणाम मुखी काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधि र विज्ञहरूले कर्णालीका उत्पादनको ब्रान्डिङ, गुणस्तर सुधार तथा भौतिक पूर्वाधार विकासमा ध्यान दिनुपर्ने सुझाव दिएका थिए ।

साथै, कूटनीतिक पहलसँगै स्थल र हवाई पहुँच विस्तार गर्न सके कर्णालीले आर्थिक रूपमा ठूलो फड्को मार्न सक्ने निष्कर्ष निकालिएको छ ।

# अमेरिका र इरान दुवैले गरे जितको दाबी

काँक्रेविहार संवाददाता
काठमाडौं, २५ चैत

अमेरिका र इरानबीच दुई साता युद्धविराम घोषणा भएको छ ।

फेब्रुअरी २८ देखि जारी युद्ध झन्डै ६ हप्तापछि रोकिने ढोका खुलेको छ ।

इरानलाई बुधबार बिहानसम्ममा ध्वस्त् बनाउने चेतावनी दिएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अल्टिमेटम सकिएलगत्तै युद्धविरामका लागि तयार रहेको बताएका थिए ।

इरानी पक्षबाट पनि ग्रीन सिग्नल आएपछि दुई साताका लागि युद्धविराम घोषणा भएको हो ।

ट्रम्पले स्ट्रेट अफ हर्मुज खुला गर्नुपर्न सर्त राखेका छन् । त्यसमा इरानले आफ्नो भूमिमा आक्रमण नभएको खण्डमा हर्मुज खुला हुने बताएका छन् ।

ट्रम्पले इरानमाथि अमेरिकी सैन्य उद्धेश्य पूरा भइसकेकाले पनि युद्धविराममा आफू सहमत भएको बताएका छन् ।

'हामीले हाम्रो सबै सैन्य उद्देश्य पूरा गरिसकेका छौं र इरानसँग दीर्घकालीन शान्ति सम्झौतामा धेरै अघि बढिसकेका छौं । इरानबाट आएको १० बुँदे प्रस्ताव वार्ताका लागि व्यवहारिक आधार हो । विगतका अधिकांश विवादित विषयमा सहमति भइसकेको छ, र दुई साताको अवधि अन्तिम सम्झौता टुंग्याउन पर्याप्त हुनेछ,' ट्रम्पले ट्रुथ सोसलमा लेखेका छन् ।

ट्रम्पले सहमतिमा नआए इरानको इतिहास नै समाप्त



पार्नेगरी आक्रमण गर्ने भनेर दिएको चेतावनीले विश्वलाई सशंकित तुल्याएको थियो । पाकिस्तान, इजिप्ट र टर्कीले अगाडिदेखि नै अमेरिका र इरानबीच युद्धविरामको प्रयत्न गर्दै आइरहेको थियो ।

आजको युद्धविरामको मुख्य पहल भने पाकिस्तानी प्रधानमन्त्री शहबाज शरिफले गरेका थिए । ट्रम्पले दिएको अल्टिमेटम सकिन १० मिनेटअगाडि प्रधानमन्त्री शरिफले युद्धविराम भएको घोषणा गरेका थिए ।

अमेरिका र इरान दुवैले प्रधानमन्त्री शरिफको भूमिकाको प्रशंसा गरेका छन् ।

'पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरिफ र फिल्ड मार्शल असिम मुनिरसँगको वार्तापछि, उनीहरूले आज राति इरानमाथि पठाइँदै गरेको विनाशकारी सैन्य कारबाही रोक्न अनुरोध गरेका कारण इरान स्ट्रेट अफ हर्मुज तुरुन्त, पूर्ण र सुरक्षित रूपमा खोल्न सहमत हुन्छ भने म दुई साताका लागि आक्रमण स्थगित गर्न तयार छु । यो दुवै पक्षबाट लागू हुने युद्धविराम हुनेछ,' ट्रम्पले ट्रूथ सोसलमा लेखेका छन् ।

इरानी विदेशमन्त्री अब्बास अराग्चीले विज्ञप्ती जारी गरी इरानी जनतालाई बधाई भन्दै प्रधानमन्त्री शरिफलाई धन्यवाद दिएका छन् ।

युद्धविराम घोषणापछि दुवै पक्षबीच शुक्रबार थप छलफल हुने तयारी छ । प्रधानमन्त्री शरिफले दुवै पक्षलाई इस्लामावादमा निम्तो गरिएको बताएका छन् । यद्यपि दुवै पक्षबाट वार्तामा बस्ने विषयमा भने कुनै पनि धारणा सार्वजनिक भएको छैन ।

युद्धविरामलाई लिएर दुवै पक्षले आ-आफ्नो जित दाबी गरेका छन् । ह्वाइट हाउसले राष्ट्रपति ट्रम्प र अमेरिकी सेनाको महत्त्वपूर्ण उपलब्धी भनेका छन् । ह्वाइट हाउसकी प्रेस सेक्रेटरी क्यारोलिन लेभिटले ३८ दिनमै अमेरिकाले आफ्ना प्रमुख सैन्य लक्ष्यहरू हासिल मात्र नभई अपेक्षाभन्दा बढी सफलता पाएको बताएकी छन् ।

'हाम्रो सैन्य सफलताले अधिकतम दबाब सिर्जना गऱ्यो, जसले राष्ट्रपति ट्रम्प र उनको टोलीलाई कडा वार्तामा उत्रन सक्षम बनायो । त्यसैबाट कूटनीतिक समाधान र दीर्घकालीन शान्तिको अवसर खुलेको हो,' लेभिटले वक्तव्यमा उल्लेख गरेकी छन्,' राष्ट्रपति ट्रम्प हर्मुज पुनः खुलाउन पनि सफल हुनुभयो ।'

इरानको सर्वोच्च सुरक्षा परिषदले पनि युद्धमा हार भएर पछि हटेको नभई सैन्य उद्धेश्यहरू पूरा भएका कारण युद्धविराम गरिएको बताएको छ ।

'युद्धका लगभग सबै लक्ष्य हासिल भइसकेका छन् त्यसैले अब दुई साताको युद्धविराममा सहमति जनाइएको हो । युद्धभूमिमा प्राप्त विजयलाई राजनीतिक वार्तामार्फत सुदृढ पार्न इस्लामावादमा वार्ता गर्ने निर्णय गरिएको छ,' विज्ञप्तीमा भनिएको छ ।

युद्धको अर्को मुख्य पक्ष इसराइलले भने अहिलेसम्म आफ्नो धारणा सार्वजनिक गरेको छैन ।

मध्यस्थता गरेका प्रधानमन्त्री शरिफ र इरानी पक्षले युद्धविराम यसमा संलग्न सबै पक्षबीच भएको घोषणा गरे पनि इसराइलले आधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

युद्धविराम घोषणा भएपछि पनि उसले लेबननमा हमला गरिरहेको भनेर अमेरिकी समाचार संस्था एशोसिएट प्रेस (एपी)ले जनाएको छ ।

कतारी मिडिया अल जजिरसँग कुरा गरेका एक इसराइली अधिकारीले युद्धविरामलाई अकास्मात र अनपेक्षित भनेका छन् । इसराइलको सहमतिबिना थाहै नदिई युद्धविराम गरेको ती अधिकारी बताउँछन् ।

उनका अनुसार युद्धको मुख्य पक्ष भए पनि युद्धविराम सम्झौताको सूचना अन्तिम समयमा मात्रै इसराइललाई दिइएको थियो । त्यसकारण इसराइल युद्धविराममा सहमत छ/छैन भन्ने पनि सार्वजनिक भएको छैन ।

तर युद्धविराम अस्वीकार गर्न उसलाई कठिन पर्नेछ । ट्रम्पले नै युद्धविराम प्रक्रिया अघि बढाएपछि इसराइललाई त्यसको विरोध गर्न सहज हुने छैन ।

# प्याब्सन ग्रासरूट फुटबल प्रतियोगिता हुँदै

काँक्रेविहार संवाददाता
जुम्ला, २५ चैत

पहिलो पटक प्याब्सन को आयोजनामा 'प्याब्सन ग्रासरुट फुटबल प्रतियोगिता-२०८२' सञ्चालन हुने भएको छ ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत चैत २६ गतेदेखि प्रतियोगिता सुरु हुने जानकारी दिइएको हो । प्याब्सन जुम्लाका अध्यक्ष टासी दोन्डुप लामा का अनुसार प्रतियोगितामा जिल्लाका १७ वटा टिम सहभागी रहेका छन् ।

जसमा छात्रतर्फ १२ र छात्रातर्फ ५ टिम रहनेछन् । प्रतियोगितामा सहभागी सबै टिमलाई प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ भने विजेता र उपविजेतालाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।

टिम दर्ता शुल्क प्रत्येक विद्यालयका लागि पाँच हजार रुपैयाँ तोकिएको छ । प्राथमिक तहका विद्यार्थीलाई लक्षित गरी पहिलोपटक आयोजना हुन लागेको यस प्रतियोगिताले बालबालिकामा खेलप्रतिको रुचि र क्षमता विकास गर्ने उद्देश्य राखेको छ ।

साथै, खेलमार्फत विद्यार्थीमा शारीरिक दक्षता, अनुशासन, टीमवर्क, नेतृत्व क्षमता तथा रणनीतिक सोचको विकास हुने अपेक्षा गरिएको छ ।

प्रतियोगिता सफल बनाउन होटल कान्जिरोवा, नेपाल बैंक लिमिटेड, ग्लोबल आईएमई बैंक, माछापुच्छे बैंक, देउती स्टेसनरी र वेदान्त पब्लिकेसन लगायत संस्थाहरूले सहयोग गर्ने जनाइएको छ । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिता चैत २८ गते समापन हुनेछ ।

# अपुरा योजनाको विवरण संकलन सुरू

काँक्रेविहार संवाददाता
सुर्खेत, २५ चैत

सुर्खेतको बराहताल गाउँपालिकाले पालिकाभित्र सञ्चालनमा रहेका अधुरा विकास योजनाहरूको यथार्थ विवरण संकलन गर्ने काम सुरु गरेको छ ।

गाउँपालिकाका अध्यक्ष भीम बहादुर भण्डारी का अनुसार, वडा नं. १ देखि १० सम्म संघीय, प्रदेश तथा गाउँपालिकाको बजेटबाट सुरु भएका तर अहिलेसम्म पूरा नभएका योजनाहरूको अवस्था पत्ता लगाउन सबै वडा कार्यालयलाई निर्देशन दिइएका छन् ।

अधुरा योजना पहिचान गरी निर्माण कार्य प्रभावकारी बनाउन र समयमै सम्पन्न गराउन यो विवरण संकलन आवश्यक रहेको अध्यक्ष भण्डारीले बताए ।

संकलन क्रममा योजना नाम, स्थान, बजेट स्रोत, हालको अवस्था, निर्माण सुरु मिति, सम्पन्न हुनुपर्ने मिति, भुक्तानी अवस्था र अधुरो हुनुका कारणहरू अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

विवरण तोकिएको ढाँचामा तयार गरी ५ दिनभित्र गाउँपालिकामा पेश गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिइएको छ ।

# बालमैत्री स्थानीय शासनका लागि तयारी

काँक्रेविहार संवाददाता
सल्यान, २५ चैत

कपुरकोट गाउँपालिकाले २०८३ पुससम्म आफ्ना वडाहरूलाई र आगामी फागुनसम्म पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न तयारी तीव्र बनाएको छ ।

यसअन्तर्गत गाउँपालिकाका सबै ६ वडामा बालमैत्री स्थानीय शासनको नीतिगत र प्रक्रियागत अवलम्बन, कार्यान्वयन तथा घोषणा प्रक्रियासम्बन्धी वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

राष्ट्रिय बालमैत्री तथा पोषण सहजकर्ता विष्णुप्रसाद चौबे ले बालमैत्री स्थानीय शासनको अवधारणा, कार्यान्वयनका चरण, सूचक र घोषणा प्रक्रियाबारे प्रशिक्षण दिएका थिए ।

वडास्तरका सबै सरोकारवालाहरूले आगामी पुस मसान्तसम्म बालमैत्री वडा घोषणा गर्न सामूहिक प्रतिबद्धता जनाएका छन् ।

वडास्तरीय कार्यक्रममा १९ प्रकारका सरोकारवालाहरू सहभागी थिए, जसमा जनप्रतिनिधि, प्रहरी, स्वास्थ्य चौकी प्रमुख, वडा सचिव, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, महिला स्वास्थ्य स्वयंसेविका र बाल समूह सञ्जालका प्रतिनिधि रहेका थिए ।

कपुरकोट-४ का वडाध्यक्ष मित्र कठायत का अनुसार, सबै सूचक पूरा गर्दै निर्धारित समयमै वडा घोषणा गर्न तयारी तीव्र बनाइएको छ ।

पालिकाले बालमैत्री स्थानीय शासन कार्यसम्पादन कार्यसमितिको समीक्षा पनि सम्पन्न गरिसकेको छ ।

वडा नं. ५ मा पहिलो बैठकमार्फत घोषणाका लागि गर्नुपर्ने कार्य र निर्णयहरू तय भएका छन्, वडाध्यक्ष होमराज खड्का ले जानकारी दिए ।

बालमैत्री स्थानीय शासन कार्यक्रमले बालबालिकाको अधिकार सुनिश्चित गर्ने, सुरक्षित वातावरण निर्माण गर्ने, शिक्षा, स्वास्थ्य र पोषणमा पहुँच विस्तार गर्ने तथा बाल सहभागिता अभिवृद्धि गर्ने उद्देश्य राखेको छ ।

# राष्ट्रिय आर्थिक गणना २०८२ अन्तरक्रिया सम्पन्न

काँक्रेविहार संवाददाता
सुर्खेत, २५ चैत

जिल्ला आर्थिक गणना कार्यालय, सुर्खेतको आयोजनामा र सुर्खेत उद्योग वाणिज्य संघको समन्वयमा 'राष्ट्रिय आर्थिक गणना २०८२' सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया तथा गोष्ठी चैत २५ गते वीरेन्द्रनगरमा सम्पन्न भएको छ । यो नेपालको सन्दर्भमा दोस्रो राष्ट्रिय आर्थिक गणना हो । नेपालमा पहिलोपटक २०७५ सालमा आर्थिक गणना गरिएको थियो भने यसपटक आगामी २०८३ वैशाख २ देखि असार ७ गतेसम्म देशभर सञ्चालन हुने भएको छ ।

यस गणनाबाट सबै प्रकारका प्रतिष्ठान र व्यवसायको आधारभूत आर्थिक तथ्याङ्क संकलन हुनेछ, जसले देशको कुल गार्हस्थ्य उत्पादन (जि.डि.पि.) मा विभिन्न क्षेत्रको योगदान र लगानीको सही चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि र विशेष अतिथिहरूले आर्थिक गणनामा निजी क्षेत्रको सहयोग अपरिहार्य रहेको बताए छन् । त्यस्तै सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्षविक्रम खड्का ले समग्र जिल्लाको आर्थिक तथ्याङ्कले निजी क्षेत्रको वास्तविक आवश्यकता पहिचान गर्न र त्यसअनुरूप नीति निर्माणमा मद्दत पुग्ने बताए ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

***समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं । गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।***

***आगलागी रोकथामका उपाय***

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।

***आगलागी भइहालेमा के गर्ने ?***

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

***समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं । गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।***

***आगलागी रोकथामका उपाय***

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।

***आगलागी भइहालेमा के गर्ने ?***

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# छ्यागी लघुजलविद्युत उत्पादन सुरू

❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, २५ चैत

सर्केगार्ड गाउँपालिका-६ मा रहेको छ्यागी खोला लघुजलविद्युत आयोजनाबाट विद्युत उत्पादन सुरु भएको छ।

करिब २३ महिनाको निर्माणपछि आयोजना सम्पन्न भई छ्यागी गाउँका उपभोक्तालाई विद्युत आपूर्ति सुरु गरिएको हो।

गाउँ नजिकैको छ्यागी खोलाबाट २६ किलोवाट विद्युत उत्पादन भइरहेको छ। सर्केगार्ड गाउँपालिकाका अध्यक्ष ठानबहादुर रोकायाका अनुसार यसअघि २० किलोवाट उत्पादन हुने अनुमान गरिए पनि निर्माण सम्पन्न भएपछि अपेक्षाभन्दा बढी विद्युत उत्पादन हुन थालेको हो।

यस आयोजनाबाट विद्युत आपूर्ति सुरु भएसँगै छ्यागी गाउँका स्थानीयले पहिलो पटक बिजुली बाल्न पाएका छन्। कुल दुई करोड ३७ लाख ३५ हजार ५ सय ३० रुपैयाँ लागतमा निर्माण गरिएको आयोजनामा गाउँपालिकाको २३ लाख ७३ हजार ५ सय ५३ रुपैयाँ र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको दुई करोड १३ लाख ६१ हजार ९ सय ७७ रुपैयाँ लगानी रहेको छ।

साझेदारीमा निर्माण गरिएको यस आयोजनाबाट छ्यागी गाउँका १ सय ३० घरधुरी लाभान्वित भएका छन्। साथै, नेपाल टेलिकमको फोरजी टावर सञ्चालनका लागि पनि विद्युत आपूर्ति गर्ने तयारी भइरहेको छ।

लघुजलविद्युत आयोजनासँगै गाउँमा खम्बा गाड्ने, तार तान्ने र घरघरमा वायरिङ गर्ने काम पूरा भई विद्युत आपूर्ति सुरु भएपछि सिङ्गो गाउँ झिलिमिली बनेको वडा अध्यक्ष पदमबहादुर शाहीले जानकारी  दिए। गाउँपालिका अध्यक्ष रोकायाले औपचारिक कार्यक्रममार्फत आयोजनाको उद्घाटन गर्नुभएको थियो।

# योजना छनोट गर्न मन्त्री बुढाको सुझाव

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, २५ चैत

कर्णाली प्रदेश सरकारका जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढाले योजनाहरू आवश्यकताका आधारमा प्राथमिकतामा राख्नुपर्ने बताइन्।

रुकुमपश्चिम र जाजरकोट जिल्लामा प्रदेश सरकार तथा अन्य निकायबाट सञ्चालित योजनाको स्थलगत अनुगमनका क्रममा उनले यस्तो सुझाव दिइन्।

मन्त्री बुढाका अनुसार अब मन्त्रालय योजना निर्माणको चरणमा रहेको हुँदा अत्यावश्यक योजनालाई उच्च प्राथमिकता दिइनेछ।

विगतमा सुरु भई पूरा हुन नसकेका योजनालाई समेत प्राथमिकतामा राखी सम्पन्न गर्न सरकार लागिपरेको उनले स्पष्ट पारिन्। विकास आयोजना गुणस्तरीय, समयमै सम्पन्न र दीगो हुनुपर्नेमा उनले जोड दिएकी छन्। आगामी आर्थिक वर्षको बजेट निर्माण भइरहेको सन्दर्भमा उनले जनताका वास्तविक समस्यामात्रै योजना बैङ्कमा समावेश गर्नुपर्ने बताइन्।

प्राथमिकताका आधारमा छनोट गरिएका योजनाबाट लक्षित समुदायले प्रत्यक्ष लाभ लिन सक्ने र कार्यान्वयन पनि प्रभावकारी हुने भएकाले वडा तहदेखि नै सजगता अपनाउन आग्रह गरिन्।

उनले विकासमा अपनत्व नभएसम्म अपेक्षित प्रतिफल नआउने भन्दै उपभोक्ता समिति र सरोकारवाला निकायलाई दीर्घकालीन सोचका साथ काम गर्न सुझाव दिइन्।

# खानेपानी योजना सुरू, गाउँमा बसाइँसराइ रोकिदैं

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २५ चैत

वर्षौंदेखि खानेपानीको अभाव झेल्दै आएको पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-५, रेक्चा गाउँमा अब पानी ल्याउने तयारी भएपछि स्थानीयमा आशा जागेको छ।  गाउँमा खानेपानी सुविधा विस्तार भएपछि बसाइँसराइको क्रम रोकिने विश्वास गरिएको छ। गाउँबाट करिब तीन किलोमिटर टाढा रहेको खोलाको मुहानबाट पानी ल्याइँदै छ।  ट्याङ्की निर्माण लगायतका काम तीव्र रूपमा भइरहेका छन् र आगामी साउन महिनादेखि पानी वितरण गर्ने लक्ष्य राखिएको छ। बेलायतका पूर्वगोरखा सैनिकको संस्था कादुरी एग्रिकल्चरल एसोसिएसनको सहयोगमा खारगाडीको तुसारेपानी मुहानबाट पानी ल्याउने योजना अघि बढाइएको हो।

यसअघि संस्थाका निर्देशक डा. नारायण गुरुङसहितको टोलीले स्थलगत अवलोकनसमेत गरेको थियो। स्थानीय तपेन्द्रबहादुर बुढाक्षेत्रीका अनुसार हाल चारवटा ट्याङ्की निर्माणको काम भइरहेको छ।

मुहानबाट पानी 'डबल लिफ्ट' प्रविधिबाट गाउँमा ल्याइनेछ। यसअन्तर्गत २५ हजार लिटर क्षमताका दुई ट्याङ्कीमा पानी संकलन गरिनेछ भने गाउँको अग्लो स्थानमा ५० हजार लिटरको एक र २५ हजार लिटरको अर्को ट्याङ्की निर्माण गरिँदै छ।  करिब पाँच करोड रुपैयाँ लागतमा सञ्चालन भइरहेको यो योजना असार १५ भित्र सम्पन्न गर्ने लक्ष्य छ। यसअघि गाउँमा पानीको समस्या समाधानका लागि डिप बोरिङ गरिएको थियो। करिब ९० मिटर गहिराइसम्म खनिए पनि पर्याप्त पानी नआएपछि स्थानीयले नयाँ मुहान खोज्ने प्रयास गरेका थिए।

त्यसक्रममा तुसारेपानी खोलाबाट पानी ल्याउने विकल्प तय गरिएको हो। मुहानसम्म पुग्ने बाटो नहुँदा कच्ची सडक निर्माणका लागि गाउँपालिकासँग आग्रह गरिएको छ।

खानेपानीको चरम अभावका कारण पछिल्लो पाँच वर्षमा ५० भन्दा बढी घरधुरी गाउँ छोडेर अन्यत्र बसाइँ सरेका छन्।

त्रिपाला, खेले लगायतका बस्तीबाट मात्रै करिब ५० घरधुरी विस्थापित भएका छन्। अहिले पनि रेक्चामा ६०-६५ घरधुरी बसोबास गरिरहेका छन्, जहाँ पानीको अभावले दैनिक जीवन निकै कष्टकर बनेको छ।

हाल गाउँमा एउटा मात्र इनार रहेको छ, जसको पानी खडेरीका बेला पालैपालो प्रयोग गर्नुपर्छ। दैनिक करिब ६० लिटर पानी बाँड्नुपर्ने अवस्था रहेको छ। स्थानीय बुढाक्षेत्री भन्छन् गाउँमा पानी आएपछि अब बसाइँ सर्ने क्रम रोकिनेछ भन्ने आशा गरेका छौं।

# पुल बन्यो तर आवतजावतमा सास्ती

❐ **काँक्रेविहार संवाददाता**
बाजुरा, २५ चैत

बुढीगङ्गा-४ र खप्तड छेडेदह-३ जोड्ने बाजुगाड खोलामा नयाँ पक्की पुल निर्माण भए पनि स्थानीयवासीको आवतजावत अझै समस्या बनेको छ।  पुल त तयार भए पनि दुवैतर्फको एप्रोच सडक र संरचना (साइट) निर्माण नहुँदा प्रयोग गर्न सकिँदैन। विसं २०७२ मा साउँद एड्भेन्चर जेभीले ४५ मिटर लामो पुल दुई करोड रुपियाँ लागतमा बनाउने जिम्मा लिएको थियो।  सम्झौता अनुसार पुल २०७६ असारसम्म सम्पन्न हुनुपर्ने भए पनि कम्पनीको ढिलासुस्तीका कारण २०८२ पुसमा मात्र मुख्य संरचना तयार भयो।

स्थानीय गोमती कटुवालले पुल बने पनि पहुँच मार्ग नहुँदा खोला पार गर्न अझै बाध्यता रहेको बताए  उनले भने गाउँमा योजना धेरै आउँछन्, ठेकेदारले काम सुरु मात्र गरे जस्तो देखाउँछन् हामीले सधैँ सास्ती भोग्नुपरेको छ।

यता, साउँद एड्भेन्चर जेभीका ईश्वर साउँदले पुलको मुख्य संरचना सकिएको हुँदा बाँकी साइडको काम आफ्नो जिम्मेवारी नभएको दाबी गरेका छन्।

उनले भने प्राविधिक कारणले ढिला भए पनि पुलको मुख्य काम पूरा भइसकेको छ, बाँकी साइड मेरो जिम्मामा पर्दैन। पूर्वाधार विकास कार्यालय साँफेबगरका प्रमुख जङ्ग थापाले साइड निर्माण अझै बाँकी रहेकाले अर्को ठेकेदारसँग सम्झौता भइसकेको जानकारी दिए।उनले भने गत वर्ष एकतर्फको साइड तयार गरिएको थियो, अहिले अर्को साइडको काम सुरु गर्न लागेका छौं। केही समयपछि पुल पूर्ण रूपमा सञ्चालनमा आउनेछ। यसरी नयाँ पुल निर्माण भए पनि पहुँच मार्ग नबन्ने समस्याले स्थानीयवासी अझै असुविधामा परिरहेका छन्।

## उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी रेशमबहादुर वि.क. धनी रहेको, दर्ता नम्बर २३३७ बाट वीरेन्द्रनगर-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको कर्णाली ज्वैलर्स नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/२६**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१२/२४ मा स्वीकृती प्राप्त भई साविक कम्पनी रारा मिडिया ग्रुप प्रा. लि. वी.न.पा-८, सुर्खेत (प्रा.लि.नं. २७४९७४/०७८/०७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको रारा मिडिया नेटवर्क प्रा.लि. वी.न.पा-४, सुर्खेतले स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

पचालझरना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
कालीकोट
कर्णाली प्रदेश नेपाल

## जनहितमा जारी सन्देश !

***समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।***

***आगलागी रोकथामका उपाय***

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

***आगलागी भइहालेमा के गर्ने ?***

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

वनगाड कुविण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

## जनहितमा जारी सन्देश !

***समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।***

***आगलागी रोकथामका उपाय***

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

***आगलागी भइहालेमा के गर्ने ?***

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी,  मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)